मधेश प्रदेश सरकार

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

# उद्योग विभाग

## वीरगंज, पर्सा, नेपाल

# निःशुल्क तालिम लिन इच्छुकहरुको लागि सुवर्ण अवसर

<u>प्रथम पटक प्रकाशित मिति : २०८१/०६/२३</u>

उपरोक्त सम्बन्धमा यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रममा सिप विकाश तालिम कार्यक्रम रहेको तथा उल्लेखित तालिम शिर्षक अन्तर्गत तपसिल बमोजिमका तालिम सञ्चालन गरिने भएकोले तालिम लिन ईच्छुक मधेश प्रदेशका (बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी) जिल्लाहरुमा बसोबास गर्ने निम्न अनुसारको योग्यता पुगेका नेपाली नागरिकलाई यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र सम्बन्धित जिल्लाका घरेलु तथा साना उद्योग कार्यालय वा उद्योग विभाग, पर्सामा सम्पर्क गरी अनुसूची ६ बमोजिमको आवेदन फाराम भर्नु हुन अनुरोध छ। तालिममा सहभागी हुन ईच्छुक व्यक्तिहरुको संख्या अनुसार सम्वन्धित स्थानीय तह वा यस कार्यालयले तोकेको स्थानमा संचालन गरिनेछ।

**तालिमको लागि आवश्यक न्यूनतम योग्यता :**

१. नेपाली नागरिक हुनुपर्ने।

२. १६ वर्ष पुरा भई समान्यतया ५० वर्ष ननाघेको।

३. साधारण लेखपढ गर्न सक्ने।

| क्र.सं. | कार्यक्रम | समय अवधी | सहभागी सं. |
|---|---|---|---|
| १ | हाते कढाई तालिम | ३ महिना | १५ जना |
| २ | बेत बाँसको सामग्री बनाउने तालिम | १ महिना | १५ जना |
| ३ | ब्युटी पार्लर तालिम | ३ महिना | १५ जना |
| ४ | पल्मबिङ्ग तालिम | १ महिना | १५ जना |
| ५ | साबुन बनाउने तालिम | ७ दिन | १५ जना |
| ६ | बाँसको मुढा बनाउने तालिम | १९ दिन | १५ जना |
| ७ | सिलाई कटाई तालिम | ३ महिना | १५ जना |
| ८ | Basic कम्प्युटर तालिम | १ महिना | १५ जना |
| ९ | डल कुश बनाउने तालिम | १ महिना | १५ जना |
| १० | मोटरसाईकल बनाउने तालिम | ३ महिना | १५ जना |
| ११ | मोबाईल मर्मत तालिम | २ महिना | १५ जना |
| १२ | हाउस वायरिङ्ग तालिम | २ महिना | १५ जना |
| १३ | उल्फेलट तालिम | १ महिना | १५ जना |
| १४ | क्रिस्टलको गर गहना बनाउने सम्बन्धी तालिम | १५ दिन | १५ जना |

**नोट :**

- तालिममा सहभागी प्रशिक्षार्थीलाई खाजाको व्यवस्था गरिनेछ।
- छनौट सम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ।
- थप जानकारीका लागि सम्पर्क नं. ९८६५४२८८५८, ९८५५०३००९८

CamScanner
CamScanner